लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

सचिव बैठक संख्या : १३५
मिति: २०८०।०६।२९

निर्णयहरु:

१. आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको सन्दर्भमा विषयगत मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड एक हप्ता भित्र तयार गरी स्वीकृतीका लागि सम्बन्धित निकाय तथा पदाधिकारी समक्ष पेश गर्ने ।

२. प्रदेशको राजश्व सम्बन्धी ढुंगा गिट्टी (वन क्षेत्र भित्र), कर छुट तथा पर्यटन शुल्क(यातायात तथा पर्यटन) र कृषि सम्वन्धी कार्यविधिका सम्वन्धमा अर्थ मन्त्रालयले तत्काल टुंगोमा पुर्याउने ।

३. अर्थ मन्त्रालयका सचिवको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव र विषयगत मन्त्रालयका प्रतिनिधि सहितको राजश्व बाँडफाँट अनुगमन टोली गठन गरी स्थानीय तह सँग समन्वय र सहकार्य मार्फत बाँकी वक्यौता राजश्व उठाउन पहल गर्ने ।

४. उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयले बुटवल तथा नेपालगंज लगायतका मुख्य शहरमा रहेका मजदुरको Digital माध्यमबाट रजिष्टेशन गरी श्रम व्यवस्थापन गर्ने सम्बन्धमा एक हप्ता भित्र मोडालिटी तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

५. प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयले मदिराको परीक्षण उत्पादन कार्य सुरु गरी सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गराउने ।

६. अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयबाट सहमतिका लागि प्राप्त भएका कार्यविधि लगायतका फाईल शीघ्र अध्ययन गरी राय परामर्श दिने र सो का लागि आवश्यक पर्ने २ जना अधिकृत स्तरका कर्मचारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले काजमा पठाउने ।

७. सबै मन्त्रालय र मातहतका निकायले बजेट तथा कार्यक्रमको कार्यान्वयनलाई तिव्रता दिई पुजिंगत खर्च बढाउने ।

८. विषयगत मन्त्रालयले प्राथमिकता प्राप्त क्षेत्र र विज्ञता आवश्यक पर्ने क्षेत्रमा स्रोत साधनको विश्लेषण गरी प्रदेश योजना आयोगको सचिवालय सँग समन्वय गरी Position Paper तयार गर्ने र १० दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

राधिका अर्याल
का.मु. प्रमुख सचिव